**बोली र भाषाको कमजोरी भएका बालबालिकालाई कसरी सहयोग गर्ने**
शिक्षा ब्यूरो 2022

**परिचय**
आमाबाबुहरू सधैं आफ्ना बालबालिकाहरूलाई भविष्यमा सफल बनाउनको लागि राम्रो जीवन र सिक्ने वातावरण प्रदान गर्न चाहन्छन्। विशेष शैक्षिक आवश्यकता (SEN) भएका बालबालिकाहरूलाई प्रारम्भिक पहिचान र सहयोग प्रदान गर्दा उनीहरूलाई दैनिक जीवन र सिक्ने वातावरणमा घुलमिल हुन सजिलो हुन्छ र उनीहरूको क्षमता विकास हुन्छ।

**बोली र भाषाको कमजोरी (SLI) भनेको के हो ?**
भाषा ज्ञान निर्माणको लागि आधारभूत तत्व हो र यो सोच र संचारको लागि पनि एक महत्वपूर्ण साधन हो। **SLI** ले अरूसित बालबालिकाको कुराकानीमा मात्र असर गर्दैन बरु शैक्षिक, भावनात्मक तथा सामाजिक विकासमा पनि बाधा पुर्याउँछ। **SLI** को सामान्य प्रकारका चार प्रमुख प्रकारहरू छन्:

- **अभिव्यक्ति समस्या (बोलि ध्वनि विकार)**

विभिन्न कारणले गर्दा उच्चारण सही हुँदैन र बोलीमा गडबडी हुन्छ । उदाहरणका लागि (अंग्रेजीमा): "सन्" लाई "डन्", "टोइ" लाई "टल्" आदि भन्ने।

- **भाषा समस्या (भाषा विकार)**

भाषणको सन्देश राम्ररी बुझ्न नसक्दा त्यसले गलत अर्थ उत्पन्न हुन्छ र त्यसपछि दिइएको जवाफ सोधेको प्रश्नसंग मिल्दैन। अभिव्यक्तिको लागि, कमजोर संगठन क्षमता वा उपयुक्त शब्दावलीहरू प्रयोग गर्न नसक्नुको कारण, बोली बुझ्न गाह्रो हुन्छ।

- **प्रवाह समस्या (प्रवाह विकार)**

सामान्यतया यसलाई स्टटरिङ भनिन्छ । बोल्ने क्रममा धेरै पटक अक्षर वा शब्दहरू दोहोरिन्छन्, अक्षरहरू लामो हुन्छन्, धेरै छिटो वा सुस्त बोली चालमा हुन्छन्, बोलीमा असामान्य विरामहरू हुन्छन् वा मुख खोले तापनि लामो समयसम्म बोल्न सक्दैनन्।

- **आवाज समस्या (आवाज विकार)**

विभिन्न कारणले गर्दा आवाजको चर्कोपन, आवाजको ह्रास, आवाज नियन्त्रणमा कठिनाइ, अत्यधिक उच्च वा कम पिच, हाइपर-वा हाइपो-अनुनासिक आदिको कारणले गर्दा भएको हुने समस्या।

**आमाबुबाको भूमिका**
**मलाई शंका छ कि मेरा बालबालिकामा SLI छ......**
विशेष शैक्षिक आवश्यकता संयोजक (SENCO), शिक्षक, विद्यार्थी मार्गदर्शन कर्मचारी वा विद्यालयको सामाजिक कार्यकर्तासँग सम्पर्क सुरु गर्नुपर्छ, ताकि विद्यालयले

अनुगमन सेवाहरू प्राप्त गर्न विद्यालय आधारित भाषण चिकित्सक (SBSTs) मा तपाईंका बालबालिकालाई पठाउन सकोस्।

## मेरा बालबालिकालाई SLI भएको मूल्याङ्कन गरिएको छ...

- आफ्ना बालबालिकाको **SLI** र अन्य सम्बन्धित SEN बारे जानकारी सकेसम्म चाँडै र सक्रियतासाथ विद्यालयमा उपलब्ध गराउनुपर्छ।
- विद्यालयमा आफ्नो बालबालिकाको संचार र सिकाई प्रदर्शन बुझ्न SBSTs, SENCO, कक्ष शिक्षक, विषय शिक्षक, आदि सँग संचार कायम राख्नुहोस्। आवश्यक परेमा उपयुक्त समर्थन रणनीतिहरूबारे छलफलमा भाग लिनुहोस्।
- आफ्ना बालबालिकासित अझ राम्ररी कुरा गर्नुहोस्, तिनीहरूसित अझ बढी कुरा गर्नुहोस् अनि दैनिक जीवनमा विभिन्न शब्दावली तथा वाक्यहरू देखाउनुहोस्। भाषणको विषयवस्तुलाई विचार गर्न र व्यवस्थित बनाउन डोर्याउने प्रश्नहरू प्रयोग गर्नुहोस् जसले गर्दा तिनीहरूको बोल्ने क्षमता बढ्छ।
- तपाईंका बालबालिकाले गरेको गल्ती कोर्न तिनीहरूलाई सरल देखि जटिल लक्ष्यसम्म सीप विकास गर्न घरमा अझ बढी अभ्यास गर्न मदत गर्नुहोस्। अझ बढी प्रोत्साहन र प्रशंसा गर्नुहोस्, उन्नति गर्नुपर्ने क्षेत्रहरूमा ध्यान दिन, आत्मविश्वास बढाउन र सफलताको अनुभूति गर्न तिनीहरूलाई सम्झाउनुहोस्।
- तपाईंका बालबालिकालाई बोल्ने समस्या छ भने पहिला बोल्ने कुरामा तिनीहरूको भरोसा बढाउनुहोस्। धैर्यपूर्वक सुन्नुहोस् र बोल्दा ठीकसँग एकछिन रोकिनुहोस् भनेर सम्झाउनुहोस्। उदाहरणका लागि (अङ्ग्रेजीमा) "स्विमिङ पूल"-मा "पूल" शब्द पछि रोकिंदा "स्विमिङ" शब्दपछि विराम गर्नुभन्दा बढी अर्थपूर्ण हुन्छ।
- आवाजको समस्याको सम्बन्धमा यदि तपाईंका छोराछोरीको चर्को आवाज आएको छ भने उनीहरूलाई चर्को स्वरमा गाली गर्ने बानी लाई कम गर्न सम्झाउनुहोस्। जस्तै: अत्यधिक चिच्याउनु वा रुनु, घाँटी सफा गर्न प्रयास गर्नु, उनीहरूको आवाजलाई अति प्रयोग गर्नु आदि। आफ्ना बालबालिकालाई पर्याप्त आवाज आराम गर्न, धेरै पानी पिउने, धेरै फलफूल र तरकारीहरू खाने, धेरै भुटेको खाना वा मसलायुक्त खाना कम खाने, नियमित रूपमा व्यायाम गर्न र समस्याहरू बिग्रनबाट रोक्नको लागि मुड राम्रो राख्न सम्झाउनुहोस्।

## समर्थन उपाय र रणनीतिहरु

साधारणतया, विद्यार्थीहरूको आवश्यकता अनुसार विद्यालयहरूबाट निम्न समर्थन प्रदान गर्नेछन्:

- यदि विद्यालयहरूले "परिष्कृत बिद्यालय-आधारित स्पीच थेरापी सेवा (SBSTS)" लागू गरेका छन् भने, तिनीहरूले SBSTs लाई नियुक्त गर्नेछन्। "परिष्कृत SBSTS" लागू नगर्ने अन्य विद्यालयहरूले "परिष्कृत स्पीच थेरापी अनुदान" वा "शिक्षा सहायता अनुदान" जस्ता अतिरिक्त श्रोतहरु SBSTS को व्यवस्था गर्न प्रयोग गर्नेछन् जसले SBSTs, शिक्षक र अभिभावकहरू बीचको सहकार्यबाट रोकथाम, उपचार र वृद्धिको दायरालाई समेट्छ, फल स्वरूप SLI भएका विद्यार्थीहरूले समयमै, व्यापक र उपयुक्त सहयोग प्राप्त गर्न सक्छन र समग्र भाषा क्षमताहरू पनि बृद्धि गर्न सकिन्छ। यसमा

निम्न सेवाहरू समावेश छन्:SLI भएको आशंका गरिएका विद्यार्थीहरूको पहिचान र रेफरलसम्बन्धी विद्यालयमा आधारित कार्यविधि निर्माण गर्ने

- विद्यार्थीहरूलाई बोली र भाषा मूल्याङ्कन र समर्थन प्रदान गर्ने
- शिक्षक र आमाबुबाहरूको लागि परामर्श र प्रशिक्षण प्रदान गर्ने
- विद्यार्थीहरूको "सुन्ने, बोल्ने, पढ्ने र लेख्ने" सीप बढाउनका लागि शिक्षण रणनीति विकास गर्न विषयगत शिक्षकहरूसँग सहकार्य गर्नुहोस्

➢ भाषण थेरापी तत्वहरू शिक्षण र सिक्नेमा एकीकृत गर्नुहोस् र विद्यार्थीहरूलाई आफ्नो सञ्चार र सिक्ने क्षमता बढाउनका लागि पाठहरूमा सम्बन्धित भाषा सीपहरू लचकदार रूपमा लागू गर्न अनुमति दिनुहोस्।

➢ विद्यार्थीहरूको आवश्यकता बुझ्न र सीपलाई समर्थन गर्न शिक्षक तथा आमाबुबाहरूलाई थेरापी कार्यक्रममा भाग लिन प्रोत्साहन दिनुहोस्।

➢ प्रशिक्षण सामग्री, संसाधन प्याकेज, दिशानिर्देश, आदि प्रयोग गर्नुहोस्, जसले SLI भएका विद्यार्थीहरूलाई उनीहरूको सिक्ने र संचार प्रभावकारिता बढाउन मद्दत गर्दछ।

## उपयोगी वेबसाइटहरू र सोधपुछ टेलिफोन नम्बरहरू

शिक्षा ब्यूरो
http://www.edb.gov.hk

| | |
|---|---|
| हङकङ क्षेत्रीय शिक्षा कार्यालय | 2863 4646 |
| काउलुन क्षेत्रीय शिक्षा कार्यालय | 3698 4108 |
| नयाँ क्षेत्रहरू पूर्व क्षेत्रीय शिक्षा कार्यालय | 2639 4876 |
| नयाँ क्षेत्रहरू पश्चिम क्षेत्रीय शिक्षा कार्यालय | 2437 7272 |
| विशेष शिक्षा सम्बन्धी सामान्य सोधपुछ | 3698 3957 |
| शैक्षिक मनोविज्ञान सेवा खण्ड | 3698 3790 |

## "(SENSE)" एकीकृत शिक्षा र विशेष शिक्षासम्बन्धी अनलाइन जानकारी

https://sense.edb.gov.hk

- SLI भएका विद्यार्थीहरूलाई सहयोग

https://sense.edb.gov.hk/en/types-of-special-educational-needs/speech-and-language-impairment/index.html

- SLI भएका विद्यार्थीहरूलाई सहयोग - आमाबाबुको लागि संसाधन

https://sense.edb.gov.hk/en/types-of-special-educational-needs/speech-and-language-impairment/resources/resources-for-parents.html

- "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण बारे आमाबुबाको लागि गाइड"

https://sense.edb.gov.hk/uploads/page/integrated-education/guidelines/ieparentguide.pdf

- "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण" सम्बन्धी सञ्चालन गाइड

https://sense.edb.gov.hk/uploads/page/integrated_education/landing/ie_guide_e

n.pdf

**स्वास्थ्य विभाग**

| | |
|---|---|
| बाल मूल्याङ्कन सेवा | https://www.dhcas.gov.hk/en/ |
| विद्यार्थी स्वास्थ्य सेवा | https://www.studenthealth.gov.hk/eindex.html |

**सामाजिक कल्याण विभाग**

https://www.swd.gov.hk